# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं कार्तिक २ गते २०११ साल [ संख्या १०

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायका क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ (क) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

(ख) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि ।

(ग) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि ।

(घ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

(ङ) कायममुकायम तैनाथी इत्यादि ।

(च) कानूनविभाग, न्यायालयको विज्ञप्ति इत्यादि ।

(छ) जेल पुलीस आदिको विज्ञप्ति इत्यादि ।

(ज) साधारण सूचना, उर्दी इत्यादि ।

(झ) जन्म मरणको संख्या ।

(ञ) हलाको खण्डन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(ट) अफिसरहरूको बिदा ।
(ठ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छामण्डल आदिको कार्यक्रम ।
(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।
(ढ) इलेक्शनकमिशनको सूचना
(ण) संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञप्ति ।
(ख) सरकारी ब्याङ्क, मुलुकीखाना कौशीआदिको प्रकाशित, प्रचलित मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ (क) उद्योग वाणिज्य र खाद्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।
(ख) नियन्त्रित बजारभाउ मुद्राविनिमय इत्यादि ।

भाग ४ (क) कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।
(ख) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।
(ख) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
(ख) नगरपञ्चायत ।
(ग) ग्रामपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ मालपोत तथा वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ प्रधान मन्त्रालय राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ पब्लिकवर्क्स तथा सञ्चारसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १२ विकास तथा योजनासंबन्धी विज्ञप्ति, सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

# गृहमन्त्रालयको सूचना

गृ. म. १०६८ फु. ५३५६ — २८–६–०११

श्री कलानाथ अधिकारीद्वारा लिखित तथा गोपाल प्रिंटिङ्ग वर्क्स, कलकत्तामा मुद्रित भै मो. म. पुस्तकालय (श्रीमोहनीद्वारा) नं. २ पुतलीसडक काठमाडौं-बाट प्रकाशित 'माहिला दाई गाइदे········ त !················ सौगात खोइत ? पाँचौं गुरांस' शीर्षक पुस्तिकामा श्री ५ महाराजाधिराजउपर बहुतै अनुचित आक्षेप गरिएको र हिंसात्मक अपराध गर्न प्रोत्साहितसमेत गरिएकोले नेपाल छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐन २००८ को भाग ६ दफा २२ अनुसार उक्त पुस्तिकाको मुद्रित प्रतिहरू जम्मै जफत गरी नेपालराज्यभर त्यसको प्रकाशन, वितरण आदिमा प्रतिबन्ध लगाउने गरी ८-३-२०११ मा आदेश जारी गरिएको छ ।

आज्ञाले —
नीरराज राजभण्डारी,
सेक्रेटरी—गृहमन्त्रालय.

# गृहमन्त्रालयको सूचना

गृ. म. १०६८ फु ५३५६ — २८—६—०११

श्री मुक्तिनाथ–लिखित तथा जोरगणेश छापाखानामा मुद्रित भै इन्द्रमान चन्द्रमान शेरचन पोखराद्वारा प्रकाशित 'को अछूत' शीर्षक पुस्तकमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वैवाहिक जीवनमा अनाचार र अनैतिकतालाई प्रोत्साहित गर्नाको साथसाथै अनुचित यौन सम्बन्धलाई समर्थनसमेत गरिएको तथा कुनै कुनै जाति उपजाति र समुदायलाई निन्दात्मक शब्दमा लाञ्छन गरी अवाञ्छनीय साम्प्रदायिक विचार-धारालाई प्रश्रय दिइएकोले छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐन २००८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

को भाग ६ दफा (२२) अनुसार उक्त पुस्तकको मुद्रित प्रतिहरू जम्मै जफत गरी नेपाल राज्यभर त्यसको प्रकाशन, वितरण आदिमा प्रतिबन्ध लगाउने गरी २४-३-२०११ मा आदेश जारी गरिएको छ

आज्ञाले,—
नीरराज राजभण्डारी,
सेक्रेटरी—गृहमन्त्रालय.

## भूल—सुधार

गृह नं. १०७

२०११ साल भाद्र २८ गतेको खण्ड ४ संख्या ६ को गजेटको भाग १ मा प्रकाशित गृहमन्त्रालयमार्फत प्रकाशित भएको नेपाल प्रधान न्यायालयको विज्ञप्तिमा निम्न लिखित भूल भएकोले भूल-सुधार गरिएको छ:—

(क) उक्त विज्ञप्तिको दोस्रा र पंध्रौं प्यारााग्राफमा मुद्दा "टंग्याउने" भनी छापिनुपर्नेमा "टुंग्याउने" भनी छापिएको।

(ख) ऐ ऐ एघारौं प्यारााग्राफमा "कैदै" हुने कलममा भनी छापिनुपर्नेमा "कैद्" हुने कलममा भनी छापिएको।

(ग) ऐ ऐ बाह्रौं प्यारााग्राफमा खोर जेलखानाको ४७।४७ क. नं. समेत लेखिए·कोमा ४७। (क) नं. मात्र छापी ४७ नं. छुटेको।

(घ) ऐ ऐ पंध्रौं प्यारााग्राफमा "दोस्रा पटकको म्याद तारीख गुज्रेकोमा गुज्रेका मितिले ३० दिनभित्र" भनी छापिनुपर्नेमा "दोस्रा पटकको म्याद तारेख गुज्रेमा मितिले ३० दिनभित्र" भनी छापिएको।

आज्ञाले —
नीरराज.
सेक्रेटरी—गृहमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि